प्रदेश सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

फोन नं: ०६१- ५३५०९५,
५३५०८४

प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

पत्र संख्या : २०७८/०७९

चलानी नं. : ३३८

मितिः २०७८/०५/२९

श्री स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश, पोखरा ।

श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेश, पोखरा ।

श्री स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखरा ।

श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश, पोखरा ।

श्री क्षयरोग उपचार केन्द्र, कास्की, पोखरा ।

श्री संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की, पोखरा ।

श्री स्वास्थ्य कार्यालयहरु (सबै), गण्डकी प्रदेश ।

श्री अस्पतालहरु (सबै), गण्डकी प्रदेश ।

श्री आयुर्वेद औषधालय / आयुर्वेद स्वास्थ्य केन्द्र (सबै), गण्डकी प्रदेश ।

**बिषय : संविधान दिवस मनाउने सम्वन्धमा ।**

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०७८/०७९, च.नं. ४३६, मिति २०७८/०५/२९ को पत्रानुसार संविधान दिवस, २०७८ मनाउने सम्वन्धमा मिति २०७८/०५/२८ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको संविधान दिवस मूल समारोह समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

**संलग्नः**

मुल समारोह समितिको निर्णय पाना – २ (दुई)

२०७८/०५/२९

...................

(शिव लम्साल)

शाखा अधिकृत

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :- ४३५

पोखरा, नेपाल

मितिः २०७८।०५।२९

विषयः संविधान दिवस मनाउने सम्बन्धमा ।

श्री मन्त्रालय, आयोग, निकाय, कार्यालय, सबै
गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा संविधान दिवस, २०७८ मनाउने सम्बन्धमा मिति २०७८।०५।२८ गते माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल ज्युको अध्यक्षतामा बसेको संविधान दिवस मूल समारोह समितिले गरेका निर्णयहरु आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

रामेश्वर अर्याल
उपसचिव

टेलिफोन नं : ०६१-४६७६८३, ४६७८५१, ४६७६६४ फ्याक्सः ०६१-४६७६६५

निर्णयहरु:

१ : प्रदेश भित्रका सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुले राष्ट्रिय झण्डा एवं दिवस-केन्द्रित व्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने ।

२ : प्रदेशवासी आमनागरिकहरुलाई आ-आफ्नो घरटोल र महत्वपूर्ण सार्वजनिक स्थलहरुको सरसफाई गर्न र साँझ कार्यालय, मण्डला, धार्मिक तथा साँस्कृतिक स्थलहरु र घर-घरमा मिति २०७८ असोज २,३ र ४ गते दीप प्रज्वलन तथा दीवावली गर्न आह्वान गर्ने । यसको संयोजन कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयले गर्ने ।

३ : संविधान दिवसका सन्दर्भमा संघ, प्रदेश र स्थानीय पालिका एवँ सरकारी, गैरसरकारी तथा सामुदायिक संघ-संस्थाहरु समेतको सहभागितामा विभिन्न स्थानमा सामुहिक दीप प्रज्वलन, सिर्जनात्मक, रचनात्मक, सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रम आयोजना गर्न कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीले समन्वय गर्ने।

४ : गण्डकी प्रज्ञा प्रतिष्ठानले संविधान दिवस सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

५ : कास्की जिल्लाको हकमा प्रदेश र जिल्लास्थित कार्यालयहरुले संयुक्त रुपमा कार्यक्रम आयोजना गर्ने ।

६ : प्रदेश सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रक्तदान एवं कोभिड १९ को स्वास्थ्य मापदण्ड सम्बन्धी रेडियो सम्वाद कार्यक्रम आयोजना गर्ने ।

७ : संविधान दिवसका सन्दर्भमा सन्देशमूलक सुचना प्रकाशन तथा प्रशारण गर्न सबै सञ्चारमाध्यमलाई अनुरोध गर्ने सोको समन्वय कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीले गर्ने।

८ : मुख्य न्यायाधीवक्ताको कार्यालयले Zoom बाट अन्तरक्रियात्मक कार्यक्रम आयोजना गर्ने ।

९ : महेन्द्रपुल, पृथ्विचोक (हाल लखन चोक) र शहिद चोकमा मिति २०७८ असोज २ गते निजी क्षेत्रको समेत सहभागितामा दीप प्रज्वलनको कार्यक्रम गर्ने । कार्यक्रमको समन्वय र व्यवस्थापन कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीले गर्ने ।

१० : प्रत्येक निकायहरुले कोभिड-१९ को महामारीलाई मध्यनजर गर्दै संविधान दिवस सम्बन्धी कार्यक्रम गर्न सक्ने र सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई दिने ।

प्रमुख सचिव

११ : नवगठित गण्डकी प्रदेश सरकारको १०० दिन पुगेको अवसरमा यस अवधिको उपलब्धी पुस्तिका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सार्वजनिक गर्ने।

१२ : मिति २०७८ असोज ३ गते विहान ८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय परिसरमा औपचारिक कार्यक्रम गर्ने । कार्यक्रम आयोजना गर्दा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने ।

प्रमुख सचिव